आज मिति २०८२।१२।२० गते शुक्रवारका दिन यस गाउँपालिकाका अध्यंक्ष श्री गणेशबहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री गणेशबहादुर के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डोल्मामाया गोले | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री रामप्रसाद घिमिरे | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री जोनिकुमार न्यासुर | २ नं. वडा अध्यक्ष एवम् गा.पा.प्रवक्ता |
| ५ | | श्री मनोजकुमार पराजुली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री कृष्णप्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री भूमिनन्द घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री विनोद चौरेल | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री देविमाया लामा | कार्यपालिका सदस्य |
| १० | | श्री मन्दिरा तिमल्सिना (घिमिरे) | कार्यपालिका सदस्य |
| ११ | Renuka | श्री रेनुका सञ्जेल | कार्यपालिका सदस्य |
| १२ | Laxmi | श्री लक्ष्मी सञ्जेल | कार्यपालिका सदस्य |
| १३ | | श्री गुप्तबहादुर ब्राह्मु | कार्यपालिका सदस्य |
| १४ | | श्री चित्रकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १५ | | श्री सन्दिप न्यौपाने | सदस्य-सचिव |

**अन्य उपस्थिति:**

श्यामबहादुर खनाल, वरिष्ठ शाखा अधिकृत, अधिकृतस्तर आठौं

**मिति २०८२/१२/२० मा बसेको ६९ औँ कार्यपालिका बैठकका निर्णयहरु :**

**कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची**

बैठक सङ्ख्याः **६९ औँ**

अध्यक्षताः **श्री गणेशबहादुर के.सी.**

बैठक मितिः **२०८२।१२।२०**

बैठक स्थानः **महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर।**

बैठक समयः **बिहान ८:०० बजे**

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८२।१२।२० | ८:०० बजे | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | १ |
| २०८२।१२।२० | ८:१५ बजे | चिस्यान केन्द्रको विवरण उपलब्ध गराइदिने सम्बन्धमा। | कृषि विकास शाखा | २ |
| २०८२।१२।२० | ८:२० बजे | राम कुमारको घरमाथि धामीखोला तटबन्ध निर्माण कार्य सम्बन्धमा। | पूर्वाधार विकास शाखा तथा वातावरण व्यवस्थापन शाखा | ३ |
| २०८२।१२।२० | ८:३० बजे | "घ" वर्गको इजाजत पत्र सम्बन्धमा श्री आभाश्री निर्माण सेवा | पूर्वाधार विक[ा]स शाखा तथा वातावरण व्यवस्थापन शाखा | ४ |
| २०८२।१२।२० | ८:४० बजे | सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा | आर्थिक प्रशासन शाखा | ५ |
| २०८२।१२।२० | ८:५० बजे | मानिखेल स्वास्थ्य चौकीलाई DHIS2 मा मानिखेल अस्पतालको रुपमा अद्यावधिक गर्ने सम्बन्धमा। | प्रशासन, योजना तथा अनुगमन शाखा | ६ |
| २०८२।१२।२० | ९:०० बजे | सार्वजानिक सुनुवाइ गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ७ |
| २०८२।१२।२० | ९:१० बजे | विविध | प्रशासन, योजना तथा अनुगमन शाखा | ८ |

**मिति २०८२/१२/२० मा बसेको ६९ औं कार्यपालिका बैठकका निर्णयहरु :**

**पूर्व बैठकको समीक्षा**

मिति २०८२।१२।०८ मा बसेको ६८ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८२।१२।२० मा बसेको ६९ औं कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं.१:** आ व २०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा महाङ्काल गाउँ कार्यपालिका कार्यालयको तोकिएको मितिसम्म भएका प्रविष्टीको अनुमोदन गरी जिल्ला समन्वय समिति समक्ष पठाउने निर्णय गरियो ।

**निर्णय नं.२:** कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०८२।१२।१७ को पत्रबाट माग भइ आएको चिस्यान केन्द्रको विवरण कृषि विकास शाखालाई उपलब्ध गराइदिनुहुनका लागि निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** महाङ्काल गाउँपालिका वडा नं.३ गोटिखेलमा अवस्थित राम कुमारको घरमाथि धामीखोला तटबन्ध निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएकाले **गोटिखेल बजारक्षेत्र खोला नियन्त्रण तथा बस्ती व्यवस्थापन** शीर्षकबाट रु. १०,००,०००/० (अक्षरेपि दश लाख रुपैयाँ मात्र) रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** महाङ्काल गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को व्यवस्था बमोजिम श्री आभाश्री निर्माण सेवा, महाङ्काल गा.पा.-४, ललितपुरले पुऱ्याउनु पर्ने आवश्यकीय प्रक्रिया पुरा गरेकाले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** आ व २०८३/०८४ का लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यकीय स्रोतमा साझेदारी गर्ने प्रतिबद्धता पत्र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीति, योजना तथा बहुपक्षीय समन्वय शाखालाई पठाउने निर्णय गरियो ।

**निर्णय नं.६:** महाङ्काल गाउँपालिका वडा नं.२ मानिखेलमा अवस्थित मानिखेल अस्पताललाई DHIS2 प्रणालीमा मानिखेल स्वास्थ्य चौकीको रुपमा प्रविष्टी भएको छ । सङ्घ, प्रदेशबाट मानिखेल अस्पतालको नाममा बजेट विनियोजन हुने गरेको छ । स्वास्थ्य चौकीको रुपमा प्रविष्टी भएको विवरणलाई DHIS2 प्रणालीमा मानिखेल अस्पतालको रुपमा अद्यावधिक गर्नका लागि सम्बन्धित निकायमा पुनः अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** महाङ्काल गाउँ कार्यपालिका र सो अन्तरगत भए गरेका काम कारबाहीको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिमको नागरिक मूल्याङ्कनका औजारमध्ये सार्वजानिक सुनुवाइ मिति २०८२।१२।२७ गते "कार्यक्रम खर्च" शीर्षकबाट खर्च लेख्ने गरी सरोकारवालालाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** क) महाङ्काल गाउँपालिका वडा नं. १ का अवस्थित राधाकृष्ण मन्दिरलाई **अध्यक्षसँग फुटकर योजना** शीर्षकबाट रु. १,००,०००/०० (अक्षरेपि एक लाख रुपैयाँ मात्र) को आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ख) महाङ्काल गाउँपालिका वडा नं. २ का दिपक स्याङ्तानको शारीरिक अपाङ्गता भएको व्यक्तिलाई सहायक सामाग्री उपलब्ध गराउनका लागि राष्ट्रिय अपाङ्ग कोषलाई **विपन्न आर्थिक सहायता** शीर्षकबाट रु. ५०,०००/०० (अक्षरेपि पचास हजार मात्र) को आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ग) शिक्षा समितिको मिति २०८२।१२।१८ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।